**नेपाली** / ***NEPALI***

लागि: सबै विद्यार्थी, संकाय तथा कर्मचारीहरू

बाट: Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति

विषय: **क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरू: अपडेट र प्रतिक्रिया**

आज म अर्को हप्तादेखि शुरू हुने गरि क्याम्पसका काम गर्ने ठाउँहरूमा शीतल बनाउने तरिका कम हुने बारे जानकारी प्रदान गर्न लेख्दै छु।

जुन १७ तारिखमा चिसो पानी लग्ने पाइप फुट्यो, जसले गर्दा हाम्रो क्याम्पसमा शीतल बनाउने (*air conditioning*) क्षमता धेरै कम गरायो। यसले गर्दा *UW–Madison* का भवनहरूमा सामान्यतया भन्दा गर्मी र ओस बढेका छन्। मामिलालाई जटिल बनाउन, आउने हप्तामा तापक्रम ९० डिग्री भन्दा माथि पुग्ने अनुमान गरिएको छ।

यो कुरा महत्त्वपूर्ण छ कि **क्याम्पस खुला रहेको छ र रहनेछ**। क्याम्पसका अगुवाहरूले बिरामी स्याहार अनि अनुसन्धानका प्रयोगशालाहरूलाई शीतल राख्न प्राथमिकता दिँदैछ ताकि त्यहाँ केही अवरोधहरू नआइ परून्।

परिसर योजना तथा व्यवस्थापनका टोलीहरूले छोटो समयका समस्या कम गर्न सकिने उपायहरूका साथसाथै दीर्घकालीन समाधान खोज्दै छन्। क्याम्पसको रूपमा हामीले प्राथमिक क्षेत्रहरूलाई शीतल राख्ने थप कदमहरू चाल्न आवश्यक हुनेछ।

यी थप कदमहरू चाल्दा केही ठाउँहरूमा अप्ठ्यारो हुने गरि गर्मी अवस्थाहरू र अरू ठाउँहरूमा काम गर्ने कुराहरू मिलाउने पर्ने कुरा खडा गर्नेछन्। यस अवस्थालाई हामीले सकेसम्म चाँडो सुल्झाउने प्रयास गर्दैछौँ तर हामीलाई लागेको छ कि यस प्रक्रियालाई धेरै हप्ता लाग्नेछ।

**सोमबारका लागि क्याम्पसको परिचालन सम्बन्धित थप अपडेटहरू ईमेल र wisc.edu वेबसाईट मार्फत साझा गरिनेछ।**

तपाईंको लचिलोपना र समझदारीका लागि धन्यवाद।